स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको चलचित्र “कार्की साइँला” को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ। निर्माण पक्षले बुधबार चलचित्रको एक आधिकारिक पोस्टर सार्वजनिक गर्दै फिल्म आगामी असोज २ गते प्रदर्शन हुने जानकारी दिएको हो। चलचित्र सरेर असोजमा पुगेको हो। सार्वजनिक चलचित्रको नयाँ पोस्टरमा अभिनेता जितु नेपाल र अभिनेत्री प्रियना आचार्य (मुन्नी)लाई रोमान्टिक अन्दाजमा प्रस्तुत गरिएको छ।

आजको विचार...



मौन...
(दुई पेजमा)

डा. शोभाकर पराजुली



बलिउडका चर्चित स्टार एवं मिस्टर पर्फेक्सनिस्ट आमिर खान आगामी जुलाई ५ मा गौरी स्प्राटसँग विवाह बन्धनमा बाँधिन गइरहेका छन्। उनको विवाहको खबरले प्रशंसकहरु निकै उत्साहित देखिएका छन्। तर, आफ्नो विवाहलाई लिएर सर्वसाधारणमा देखिएको यो उत्साह र सार्वजनिक चासोबाट स्वयम् आमिर खान भने निकै हैरान भएका छन्। आफ्नो विवाहमा मानिसहरूलाई यति धेरै चासो किन छ भन्ने कुरा आफूले बुझ्न नसकेको उनले बताएका छन्।

❒ वर्ष ३१ ❒ अंक ३२७ ❒ २०८३ असार ११ गते बिहीबार 25 June 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कङ्गोमा एक हजारमा इबोला सङ्क्रमण पुष्टि

(रासस/सिन्ह्वा)

**किन्शासा (कङगो),** असार १०/ डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा मे १५ मा घोषणा गरिएको इबोला प्रकोपमा २७७ जनाको मृत्यु भएको उल्लेख गर्दै एक हजार ९४ जनामा इबोलाको सङ्क्रमण पुष्टि भएको घटनाहरू दर्ता गरिएको विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) जनाएको छ । डब्ल्यूएचओले मङ्गलबार जारी गरेको आधिकारिक तथ्याङ्कले हाल ३८७ जना बिरामीहरू उपचार प्राप्त गरिरहेको भने ११५ जना निको भएको देखाएको छ । आफ्नो दैनिक महामारी रिपोर्टमा कङ्गोको स्वास्थ्य मन्त्रालयले जारी गरेको सामुदायिक प्रसारणका आधारमा साप्ताहिक रुपमा पुष्टि भएका सङ्क्रमणका घटनाहरुमा पनि वृद्धि देखाइएको छ । अफ्रिकामा इबोला रोगको प्रकोपको पहिलो महिनामा पुष्टि भएका घटनाहरूको यो सबैभन्दा ठूलो सङ्ख्या भएको डब्लुएचओका “हेल्थ इमर्जेन्सी अलर्ट एन्ड रेस्पोन्स अपरेसन” का निर्देशक अब्दिराहमान महामुदले मङ्गलबार जेनेभामा पत्रकार सम्मेलनमा बताएका छन् । महामुदले रोगको फैलावट र विस्तार तिव्र गतिमा भइरहेको उल्लेख गर्दै विगत दुई हप्तामा उपचार क्षमता पनि बढेर “१९ वटा स्वास्थ्य क्षेत्रहरूबाट ५०० भन्दा बढी सैया सहित सेवा गर्न सक्ने अवस्थामा पुगेको बताउनुभएको छ । बोल्दै उनले यस्तो टिप्पणी गरेको जनाइएको छ ।

# पाल्पामा आत्मनिर्भर बन्न सीप सिक्दै महिला

## भन्छन्–“सीप सिक्छौं, आत्मनिर्भर बन्छौं”

**रामचन्द्र रायमाझी/रासस**

**तानसेन (पाल्पा),** असार १०/ जिल्लाका महिला आत्मनिर्भर बन्ने उद्देश्यसहित सीप सिक्न थालेका छन् । स्थानीय सरकारको सहयोगमा उनीहरू प्रशिक्षणमा सहभागी भएका हुन् ।

विपन्न वर्ग तथा समुदायलाई लक्ष्य गरी स्थानीय सरकारले सीप विकाससम्बन्धी तालिम सञ्चालन गरेपछि उद्यम गरेर आत्मनिर्भर हुन उनीहरू प्रशिक्षणमा आकर्षित भएका हुन् । केही महिला सीप सिकेर स्वरोजगार बनेका छन् भने केही सीप सिकिरहेका छन् । तानसेन नगरपालिका-५ कैलाशनगरकी मालती अधिकारीले भनिन्, “सीप सिक्छौं, आत्मनिर्भर बन्छौं, आयआर्जनको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन्छौं, यसअघि स्वेटर, टोपी, मोजालगायत बुन्न सिकेको र अहिले वडा कार्यालयको सहयोगमा जुत्ता, चप्पल बनाउन सिकेको सीपले हाम्रो जीवनस्तर सुधार हुने ठानेकी छु ।” उनले भने, “सानो लगानीमा पनि व्यवसाय गर्न सकिने भएकाले आर्थिक अवस्थामा उक्सने आशा छ ।” उद्यमी अधिकारी जस्तै यहाँका ३४ जना महिलाले जुत्ता, चप्पल बनाउन सिकेका छन् । सीप विकासमार्फत



विपन्न समुदायका महिलालाई आत्मनिर्भर बनाउन तालिम दिइएको वडाध्यक्ष रामबहादुर रावलले बताए । सीप र रोजगारलाई प्राथमिकता दिँदै दक्ष जनशक्ति र उद्यमी उत्पादन गर्ने गरी वडाले काम गरिरहेको उनले बताए । उाले भने, “महिला र युवालाई सीपसँग जोड्दै क्षमता विकास गर्ने र उत्पादन गरेका वस्तु बजारसम्म पुऱ्याउनका लागि हामीले सहजीकरण गर्दै आएका छौँ ।” तालिमबाट महिला उद्यमी बन्ने र नगरभित्र आर्थिक चलायमान बढ्ने उनले विश्वास व्यक्त गरे । सानो पुँजीमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिला सजिलै आत्मनिर्भर बन्न सक्ने रावलको भनाइ छ । सधैँजसो मेलापात, चुलोचौका र घरधन्दामै दैनिकी बिताउँदै आएका रामपुरका महिला पनि ४५ दिने होजियारी तालिमपछि गाउँमै स्वेटर, मोजा, टोपी र मफलर बुन्न सक्ने भएका छन् । रामपुर नगरपालिकाले होजियारी तालिम सञ्चालन गरेपछि सुइडा पनि नदेखेका महिलाले स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छन् । तालिममा सहभागी सीता रेग्मीले भनिन्, “हामीले सुइडा पनि देखेका थिएनौँ । पहिलो दिनमा त निकै अलमलिएका थियौँ । सीप सिक्ने इच्छाका साथ दैनिक प्रयास गरेपछि अब स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छौँ ।” रामपुर नगरपालिकाले उपप्रमुख ग्रामीण महिला उत्थान कार्यक्रमअन्तर्गत आधारभूत होजियारी तालिम लिएका ग्रामीण महिलाका लागि ४५ दिनको तालिम दिएपछि महिलाहरू स्वरोजगार बन्ने दिशामा लागेका हुन् । नगरप्रमुख रमणबहादुर थापाले महिलालाई व्यावसायिक र आत्मनिर्भर बनाउन नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताए । कतिपय महिला तालिम लिएर व्यवसाय बजारको सुनिश्चितता पनि पालिकाले गर्ने उनले बताए ।

# आज मगर जातिको भूमि पुजा



**पाल्पा,** असार १०/मगर समुदायले आज भूमि पूजा गर्दैछन् । यसलाई भुमे पूजा पनि भन्ने चलन छ । मगर समुदायले असारमा रोपाई सुरु गर्नु अगावै पन्चत्व स्वरूपमा भूमिको पूजन गर्ने परम्परा छ ।

विशेषगरी रोल्पा, रुकुम, सल्यान, पाल्पा, दैलेख, जाजरकोट दाङ लगायत राप्ती अञ्चलका सबै जिल्लाहरुमा धूमधामसँग भूमि पूजा गर्ने गरिन्छ । यसलाई मगर जातिले पर्वकै रुपमा मनाउने गर्दछन् । यो उनीहरुको महत्वपूर्ण पर्व मध्ये एक हो । ठाउँ विशेष अनुसार भूमिको पूजा गर्ने चलन छ । पुर्खाले जंगल खोस्रेर खेतीपाती गर्न थालेदेखि नै यो पर्व मनाउन थालिएको इतिहास छ । हुन त यो पर्व असार १ गतेदेखि नै प्रारम्भ भए पनि आजको दिनलाई विशेष मान्ने गरिन्छ । वर्षातमा बाढी पहिरोजस्ता प्राकृतिक विपत्ति नहोस् भन्ने कामना गर्दै पूजा गर्ने चलन छ । खाद्यान्न बालीमा प्राकृतिक प्रकोप तथा दैवी विपत्ति नहोस् भनेर परम्परादेखि नै मगर समुदायले यो पूजा गर्दै आएका छन् । यसलाई भुमे पूजा पनि भन्ने चलन छ । मगर समुदायले असारमा रोपाई सुरु गर्नु अगावै पञ्चत्व स्वरूपमा भूमिको पूजन गर्ने गर्छन् । भूमी पर्वमा टाढा-टाढा गएका दाजुभाइसमेत घरमा जम्मा भई रमाइलो गर्ने परम्परा रहेको छ । मगर समुदायको भूमे पर्वमा विभिन्न पाँच प्रकारको बाजा बजाएर महिला, पुरुष, बालबालिका नाचेर यो पर्व मनाउने गर्छन् । यस पर्वलाई नयाँ कामको सुरुवात गर्ने दिन, वर्षभरिको कामको योजना बनाउने दिनका रूपमा पनि लिने गरिन्छ । भूमी पर्वमा सबै मगर सँगै भेला भएर रमाइलो गर्दा आफूहरूको दु:ख, पीर बिर्सने र मन खुसी हुने विश्वास छ ।

# तानसेनले ल्यायो एक अर्ब ६ करोड ९४ लाखको बजेट

**पाल्पा,** असार १०/जिल्लाको तानसेन नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट सार्वजनिक गरेको छ । नगर उपप्रमुख प्रतीक्षा गाहा सिंजालीले नगरपालिकाको १९ औं नगरसभाको दोस्रो बैठकमा बजेट प्रस्तुत गरेकी हुन् ।



सभामा उपप्रमुख सिंजालीले आगामी आर्थिक वर्षका लागि १ अर्ब ६ करोड ९४ लाख ७५ हजार रुपैयाँ बराबरको आयव्यय प्रस्तुत गरिन् । कृषि, पर्यटन, रोजगार र पूर्वधारलाई प्रथामिकतामा राखेर उनले बजेट सार्वजनिक गरेकी हुन् । नगरपालिकाले गत आर्थिक वर्षको तुलनामा ३२ करोड ८१ लाख ४५ हजार रुपैयाँ कमको बजेट ल्याएको उपप्रमुख सिंजालीले जानकारी दिइन् । गत वर्ष नगरपालिकाले २०८२/८३ का लागि १ अर्ब ३९ करोड ७६ लाख २० हजार रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । आगामी आर्थिक वर्षमा वित्तीय व्यवस्थातर्फ ९० लाख ३३ हजारसमेत गरी चालु खर्चतर्फ ६८ करोड ५३ लाख ६२ हजार र पुँजीगत खर्च रकम ३८ करोड ४१ लाख १२ हजार रहेको छ । चालु आर्थिक वर्ष आन्तरिक आयतर्फ १० करोड ८८ लाख ५५ हजार आय हुने अनुमान गरिएकामा जेठ मसान्तसम्म ५ करोड ६२ लाख ८० हजार आम्दानी भएको छ । आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएका योजना तथा कार्यक्रमको खर्च व्यहोर्ने आयस्रोतमध्ये संघ सरकारबाट समानीकरण अनुदानतर्फ.१५ करोड ५५ लाख, समपुरक अनुदानतर्फ ५० लाख, ससर्त अनुदान चालुतर्फ ४२ करोड ३२ लाख रहेको छ । यसैगरी पुँजीगततर्फ १ करोड २५ लाख, विशेष अनुदान १ करोड र राजस्व बाँडफाँटतर्फ ११ करोड ३० लाख ३७ हजार बजेट प्राप्त भएको जानकारी गराइएको छ । प्रदेश सरकारबाट समानीकरण अनुदान १ करोड ८ लाख ८६ हजार, ससर्त अनुदान १ करोड २५ लाख २५ हजार, समपुरक अनुदान १ करोड २० लाख, राजस्व बाँडफाँटबाट १ करोड ४४ लाख ९ हजार प्राप्त प्राप्त भएको छ । आन्तरिक आयतर्फ आन्तरिक राजस्व १० करोड अनुमान गरिएको छ । नगर विकास कोष ४ करोड ९० लाख, जनसहभागितातर्फ १ करोड, आगामी आर्थिक वर्षका लागि सरिजाने मौज्दात १७ करोड ७६ लाख १८ हजार अनुमान गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# तुलसीको दल राख्ने परम्परा र यसको महत्व

आज वैदिक सनातन धर्मावलम्बीले आ –आफ्नो घरको मठमा तुलसीको दल राख्दै छन् । प्रत्येक वर्ष ज्येष्ठ शुक्ल एकादशीका दिन घर–घरमा तुलसीको दल राख्ने गरिन्छ । यस दिनलाई निर्जला एकादशी पनि भनिन्छ । यस दिन रोपेको बीउ एक महीनापछि आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन रोपिन्छ । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा गरिन्छ । यसलाई तुलसी हुर्काई बढाई दामोदरसँग विवाह गरिने भन्ने पनि बुझिन्छ । यो चार महीनालाई चतुर्मास पनि भनिन्छ । चतुर्मासमा स्नान, पूजन र दान गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

हिन्दू धर्म र नेपाली संस्कृतिमा तुलसीलाई अत्यन्त पवित्र वनस्पतिको रूपमा मानिन्छ । घरको आँगनमा तुलसी रोप्ने, पूजा गर्ने तथा विभिन्न धार्मिक कार्यमा तुलसीको दल (पात) प्रयोग गर्ने परम्परा प्राचीन कालदेखि चलिआएको छ । विशेष गरी पूजा–आराधना, प्रसाद, चरणामृत तथा शुभ कार्यहरूमा तुलसीको दल राख्ने चलनले धार्मिक, सांस्कृतिक र स्वास्थ्यसम्बन्धी महत्व बोकेको छ । धार्मिक मान्यताअनुसार तुलसी भगवान् विष्णुको प्रिय वनस्पति मानिन्छ । त्यसैले विष्णु, कृष्ण तथा अन्य देवताहरूको पूजा गर्दा तुलसीको दल अर्पण गरिन्छ । तुलसीको दल राख्दा पूजा पूर्ण र फलदायी हुने विश्वास रहिआएको छ । यसले श्रद्धा, आस्था र आध्यात्मिक भावनालाई थप बलियो बनाउने काम गर्दछ । तुलसीको महत्व केवल धार्मिक पक्षमा मात्र सीमित छैन । आयुर्वेदले तुलसीलाई औषधीय गुणले भरिपूर्ण वनस्पतिको रूपमा वर्णन गरेको छ । यसमा जीवाणुनाशक, रोगप्रतिरोधात्मक तथा वातावरण शुद्ध गर्ने गुण पाइन्छन् । त्यसैले प्रसाद वा चरणामृतमा तुलसीको दल राख्ने परम्पराले स्वास्थ्य सुरक्षासँग पनि सम्बन्ध राख्छ । यसले हाम्रो पुर्खाहरूको वैज्ञानिक सोच र जीवनशैलीलाई समेत प्रतिबिम्बित गर्दछ । आधुनिक समाजमा कतिपय परम्परालाई अन्धविश्वासको दृष्टिले हेर्ने प्रवृत्ति बढ्दै गएको छ । तर तुलसीको दल राख्ने चलन धार्मिक विश्वाससँगै सांस्कृतिक पहिचान र स्वास्थ्यजन्य लाभसँग पनि जोडिएको विषय हो । यसलाई केवल कर्मकाण्डका रूपमा नभई हाम्रो सभ्यता र ज्ञानपरम्पराको अंशका रूपमा बुझ्न आवश्यक छ ।

## Opinion @ Social Network

कर्मको सिद्धान्त सरल छ
जस्तो गर्छौं एकदिन त्यस्तै पाउँछौं ।
*(अरुन खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Arun.Khadka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मौन आँसुको विकासे समाजशास्त्र



डा. शोभाकर पराजुली

मधेस प्रदेशको कथा कुनै साधारण बजेटको कथा होइन । यो त्यहाँ बस्ने मानिसको मौन आँसु, अधुरा सपना र वर्षौंदेखि परिवर्तनको चाहना हुँदाहुँदै पनि परिवर्तन हुन नसकेको जीवनको गहिरो सामाजिक-आर्थिक यथार्थको कथा हो । कागजमा हेर्दा विगत १० वर्षमा यस प्रदेशमा लगभग ३५० देखि ४५० अर्ब रुपैयाँ बजेट खर्च भएको देखिन्छ । प्रत्येक वर्ष विकासका नाममा करिब ४० देखि ५० अर्ब रुपैयाँ विनियोजन हुने गरेको छ । यो रकम सुन्दा निकै ठूलो लाग्छ, तथ्याङ्कमा पनि प्रभावशाली देखिन्छ । तर, यही ठूलो रकमको पछाडि एउटा प्रश्न बारम्बार मनलाई घोच्छ- यति धेरै पैसा खर्च हुँदा पनि जनताको जीवनबाट उज्यालो किन टाढा छ ? मधेसका गाउँमा बिहान सबेरै उठ्ने किसान आज पनि उही पुराना दु:ख, संघर्ष र अनिश्चितताबीच जीवन बिताइरहेका छन् । उनीहरूसँग खेत छ, मेहनत छ, पसिना छ, तर पसिनाको उचित मूल्य छैन । कहिले सिँचाइको अभाव, कहिले मलको संकट, कहिले बजारको अन्याय त कहिले बिचौलियाको दबाबले उनीहरूको सपना वर्सेनि कमजोर बनाइरहेको छ । बजेटका दस्तावेजमा कृषिलाई प्राथमिकता दिइएको लेखिन्छ, योजना बन्छन्, भाषण हुन्छन्, उद्घाटन गरिन्छ, तर वास्तविक जीवनमा किसानले त्यसको स्थायी लाभ निकै कम मात्र पाउँछन् । उनीहरूलाई विकास कतै कागजमै सीमित भएको जस्तो लाग्छ, जुन अझै खेतसम्म पुगेको छैन । त्यही गाउँमा एउटा युवा पुस्ता पनि छ, जसले आफ्नो गाउँमा भविष्य देख्न छाडेको छ । करिब १० देखि १३ प्रतिशत बेरोजगारीको तथ्याङ्क त केवल औपचारिक संख्या मात्र हो, वास्तविक कथा त उसको जीवन हो । उसले हरेक दिन आफ्नो उमेर बढ्दै गएको, जिम्मेवारी थपिँदै गएको तर अवसर घट्दै गएको देख्छ ।

*विकासका योजना बने, बजेट आयो, कार्यक्रम सञ्चालन भए, तर उसको सपना आफ्नै देशमा टिक्न सकेन । उसलाई आफ्नो माटो प्रिय छ, तर अवसर भने परदेशमा देखिन थालेको छ । अस्पतालको ढोकामा उभिएकी एक आमा छिन्, जसको काखमा बिरामी बच्चा छ । उनका आँखामा डर, थकान र अनिश्चितता छ । मनमा हजारौं प्रश्न छन् । आज उपचार पाइन्छ कि पाइँदैन ? डाक्टर भेटिन्छ कि भेटिँदैन ? औषधि उपलब्ध हुन्छ कि हुँदैन ? बजेटमा स्वास्थ्य क्षेत्रको उल्लेख छ, अस्पतालका भवन छन्, स्वास्थ्य चौकी छन्, नीति र योजना छन्, तर ती आमाका लागि यी सबै शब्द मात्र बनेका छन् । जब उनको बच्चा पीडाले छट्पटाउँछ, तब कागजमा लेखिएको विकासले उसको पीडा कम गर्न सक्दैन । कतिपय अवस्थामा समयको अभाव, सेवाको कमी र सुविधाको दूरीले उनलाई हार मान्न बाध्य बनाउँछ र त्यो हार कतै पनि प्रतिवेदनमा लेखिँदैन । विद्यालयको कक्षामा एउटा सानो बालक छ, जसले ठूला सपना देखेको हुन्छ । ऊ डाक्टर बन्न चाहन्छ, इन्जिनियर बन्न चाहन्छ, शिक्षक बन्न चाहन्छ । तर उसको विद्यालयमा स्रोत-साधनको अभाव छ । शिक्षक कम छन्, पुस्तक कम छन्, प्रयोगशाला छैन, डिजिटल शिक्षा त अझ टाढाको कुरा हो । ऊ मोबाइल र इन्टरनेटको संसारको सपना देख्छ, तर उसको वास्तविक संसार चक, डस्टर र पुराना बेन्चसम्म सीमित छ । उसलाई शिक्षा नै भविष्य निर्माणको आधार हो भन्ने विश्वास छ, तर उसको वरिपरिको प्रणालीले बारम्बार सम्झाइरहन्छ कि सपना देख्नु सजिलो छ, तर पूरा गर्नु कठिन ।*

राहदानी बनाउने सपना, एजेन्टसँगको सम्पर्क, विदेश जाने टिकट, अनि अन्त्यमा आमाबुबाको आँखामा लुकेको आँसु- यिनैबीच उसको भविष्य घुमिरहेको हुन्छ । विकासका योजना बने, बजेट आयो, कार्यक्रम सञ्चालन भए, तर उसको सपना आफ्नै देशमा टिक्न सकेन । उसलाई आफ्नो माटो प्रिय छ, तर अवसर भने परदेशमा देखिन थालेको छ । अस्पतालको ढोकामा उभिएकी एक आमा छिन्, जसको काखमा बिरामी बच्चा छ । उनका आँखामा डर, थकान र अनिश्चितता छ । मनमा हजारौं प्रश्न छन् । आज उपचार पाइन्छ कि पाइँदैन ? डाक्टर भेटिन्छ कि भेटिँदैन ? औषधि उपलब्ध हुन्छ कि हुँदैन ? बजेटमा स्वास्थ्य क्षेत्रको उल्लेख छ, अस्पतालका भवन छन्, स्वास्थ्य चौकी छन्, नीति र योजना छन्, तर ती आमाका लागि यी सबै शब्द मात्र बनेका छन् । जब उनको बच्चा पीडाले छट्पटाउँछ, तब कागजमा लेखिएको विकासले उसको पीडा कम गर्न सक्दैन । कतिपय अवस्थामा समयको अभाव, सेवाको कमी र सुविधाको दूरीले उनलाई हार मान्न बाध्य बनाउँछ र त्यो हार कतै पनि प्रतिवेदनमा लेखिँदैन । विद्यालयको कक्षामा एउटा सानो बालक छ, जसले ठूला सपना देखेको हुन्छ । ऊ डाक्टर बन्न चाहन्छ, इन्जिनियर बन्न चाहन्छ, शिक्षक बन्न चाहन्छ । तर उसको विद्यालयमा स्रोत-साधनको अभाव छ । शिक्षक कम छन्, पुस्तक कम छन्, प्रयोगशाला छैन, डिजिटल शिक्षा त अझ टाढाको कुरा हो । ऊ मोबाइल र इन्टरनेटको संसारको सपना देख्छ, तर उसको वास्तविक संसार चक, डस्टर र पुराना बेन्चसम्म सीमित छ । उसलाई शिक्षा नै भविष्य निर्माणको आधार हो भन्ने विश्वास छ, तर उसको वरिपरिको प्रणालीले बारम्बार सम्झाइरहन्छ कि सपना देख्नु सजिलो छ, तर पूरा गर्नु कठिन । यसैबीच नेपालको साक्षरताको अवस्था पनि गहिरो सामाजिक विभाजनको प्रतिबिम्ब बनेको छ । काठमाडौं, ललितपुर र भक्तपुरजस्ता सहरी क्षेत्रमा साक्षरता दर ८० देखि ८५ प्रतिशतभन्दा माथि छ । त्यहाँका बालबालिका पुस्तक, इन्टरनेट, तालिम र अवसरसँग नजिक छन् । तर मधेसको रौतहटमा साक्षरता दर करिब ५८ देखि ६० प्रतिशत, महोत्तरीमा ६० देखि ६२ प्रतिशत तथा सिरहा र सप्तरीमा ६१ देखि ६६ प्रतिशतको हाराहारीमा छ । यो अन्तर केवल तथ्याङ्कको अन्तर होइन, यो अवसरको अन्तर हो, भविष्यको अन्तर हो । जहाँ साक्षरता कम छ, त्यहाँ विकासको उज्यालो ढिलो पुग्छ । मानिसहरूले नीति बुझ्न सक्दैनन्, आफ्ना अधिकार चिन्न सक्दैनन्, सेवासम्म पहुँच कठिन हुन्छ । जहाँ साक्षरता बढी छ, त्यहाँ योजना छिटो बुझिन्छ, सेवा सहज प्राप्त हुन्छ, अवसरलाई छिटो समात्न सकिन्छ र जीवनको गति तीव्र हुन्छ । त्यसैले एउटै देशभित्र दुई फरक यथार्थ निर्माण भएका छन् । एकातिर तीव्र विकासको अनुभूति, अर्कोतिर संघर्षको निरन्तरता । विगत १० वर्षमा मधेस प्रदेशमा ठूलो बजेट खर्च भयो- करिब ३५० देखि ४५० अर्ब रुपैयाँ । औसतमा हरेक वर्ष ४० देखि ५० अर्ब रुपैयाँको बजेट विनियोजन भयो । त्यसमध्ये करिब ५० देखि ६० प्रतिशत सडक, पुल, भवन र भौतिक पूर्वाधारमा खर्च गरियो । १५ देखि १८ प्रतिशत शिक्षा क्षेत्रमा, १० देखि १२ प्रतिशत स्वास्थ्य क्षेत्रमा तथा बाँकी कृषि, प्रशासन र अन्य क्षेत्रमा खर्च गरियो । तर मूल प्रश्न अझै उही छ, यति धेरै खर्चपछि पनि अपेक्षित परिणाम किन देखिएन ? किनभने विकास केवल पैसाको खेल होइन । विकास कार्यान्वयन क्षमता, अनुगमन प्रणाली र सेवाको पहुँचको विषय हो । भवन बनाउँदैमा जीवन परिवर्तन हुँदैन । सडक बनाउँदैमा अवसर स्वत: सिर्जना हुँदैन । अस्पताल बनाउँदैमा सेवा प्रभावकारी हुँदैन । आज पनि धेरै गाउँहरू अन्धकारमै छन् । विकासको चमक कागजमा निकै उज्यालो देखिए पनि साँझ परेपछि गाउँको जीवन मौन बन्छ । त्यो मौनताभित्र प्रश्न उठ्छ- हामी कहाँ छौं ? हाम्रो विकास कहाँ छ ? यो असफलताको कथा केवल सरकारको मात्र होइन, सम्पूर्ण प्रणालीको कथा हो । योजना बन्यो, तर कार्यान्वयन कमजोर रह्यो । बजेट आयो, तर परिणामको मूल्याङ्कन भएन । खर्च भयो, तर प्रभाव देखिएन । विकास लेखियो, तर जीवन बदलिएन । कहिलेकाहीँ विकासको सबैभन्दा ठूलो दु:ख यही हुन्छ । सबै कुरा हुन्छ, तर सबैका लागि हुँदैन । विश्वका अनुभवहरूले देखाएका छन् कि जहाँ शिक्षा र साक्षरता बढेको छ, त्यहाँ विकासको गति स्वत: तीव्र भएको छ । भारतका केही राज्यहरूमा साक्षरता बढेपछि सडक, रोजगारी र स्वास्थ्य सेवामा उल्लेखनीय सुधार भएको देखियो । विकसित राष्ट्रहरूले शिक्षालाई नै विकासको मुख्य आधार माने । तर मधेसमा आज पनि प्रश्न उही छ- यति धेरै बजेट खर्च हुँदा पनि आमाको आँसु किन रोकिएन ? युवा किन परदेश जान बाध्य छन् ? किसानको पसिना अझै किन मूल्यहीन छ ? बालबालिकाका सपना किन अधुरा छन् ? यी प्रश्नहरूको उत्तर सजिलो छैन, तर स्पष्ट छ । विकास केवल पैसा होइन- यो क्षमता हो, पहुँच हो, सेवा हो र सबैभन्दा ठूलो कुरा भरोसा हो । मधेस प्रदेशको भविष्य समाप्त भएको छैन । तर यसलाई बदल्न केवल बजेट बढाउनु पर्याप्त छैन । आवश्यक छ कि बजेटले किसानको जीवन बदलोस्, युवालाई आफ्नै देशमा अवसर प्रदान गरोस्, आमालाई अस्पतालमा डर होइन भरोसा दिओस्, र बालबालिकालाई आफ्नै गाउँमा भविष्य देख्ने शक्ति प्रदान गरोस् । जब त्यो दिन आउनेछ, तब विकासले साँच्चिकै आँसु रोक्नेछ । र, त्यही दिन मधेसको कथा केवल पीडाको कथा रहनेछैन, बरु सफलता, आत्मसम्मान, अवसर र उज्यालोको नयाँ इतिहास बन्नेछ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा लागेको कुरा पूरा गर्ने इच्छा बलियो हुनेछ।पछि फाइदा दिलाउन सक्छ। | **तुला** : सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ।व्यवसायमा मनग्य लाभ रहनेछ। |
| **वृष** : परिवारका सदस्यसँग बसेर गरेका सामान्य कुराले पनि मन हलुका बनाउनेछन्। | **वृश्चिक** : पारिवारिक विषयवस्तुमा अलमलिदा कार्यक्षेत्रमा बाधा आउनेछ। |
| **मिथुन** : सहयोगले ठूलो काम सजिलो बन्न सक्छ।व्यवहार राख्नु राम्रो हुनेछ। | **धनु** : नँया नोकरीमा सफलता मिल्नेछ। योजनाहरू अघि बढाउँदा लाभ मिल्नेछ। |
| **कर्कट** : सानो गल्ती सच्याउने मौका मिल्नेछ। खर्च गर्दा धेरै काम पूरा हुनेछन्। | **मकर** : हर्ष र प्रसन्नताको साथमा समय बित्नेछ। कार्यले तीव्र गति लिनेछ। |
| **सिंह** : अरूले कामको खुलेर प्रशंसा गर्नेछन्। दिनभरि जाँगर कायम रहनेछ। | **कुम्भ** : आत्मविश्वासमा वृद्धि हुनेछ। कामको सुरुवात गर्ने समय रहेको छ। |
| **कन्या** : आफ्नो इच्छा अनुसार काम अघि बढ्नेछ।दिन तपाईंको पक्षमा रहनेछ। | **मीन** : मेहनत अनुसार आर्थिक लाभ मिल्नेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोस्। |




निबन्ध ● राधिका कल्पित

# सम्बोधन समयलाई

*प्रिय समय !*

कहिलेकाहीँ तिमी मप्रति हदभन्दा ज्यादा निर्दयी बनिदिन्छौ । कठोर बनिदिन्छौ । अप्रिय बनिदिन्छौँ यद्यपि तिमीलाई 'प्रिय' भनेरै सम्बोधन गर्न मन लाग्छ । आज तिमीलाई मैले धन्यवाद दिइनँ भने म कृतघ्न ठहरिने छु किनकि आज म जति बलियो छु त्यसको कारक तिमी नै हौ । तिमी मप्रति कठोर नबन्दाका पलसम्म निकै डरपोक थिएँ । काँतर थिएँ । साना दु:खले पनि हतोत्साही हुने साह्रै निम्छरो थिएँ । जब तिमीले मलाई धकेल्न थाल्यौ, म दह्रोसँग उभिन सिकेँ । जब तिमीले मलाई निमोठ्न थाल्यौ, म हाँगाबिँगामा फैलिन थालेँ । जब तिमी लोहाको वज्र बनेर मेरो शिरमा बज्रिन थाल्यौ, म स्पात बनेर थापिन थालेँ । तिमीलाई घृणा यस कारण पनि गर्न सक्तिनँ कि तिमी आफैँ घाउहरू बनाइदिन्छौ अनि आफैँ मलम बनेर सन्चो बनाइदिन्छौ । यी हेर न यो शरीरमा कति छन् चिरफारका खत ! तर तिनी पहिलेझैँ कहाँ दुख्छन् र ! समयसँगै ती अब स्मृति बनेँ । एउटा अनुभव, सिकाइ र सैर्षका प्रेरणा बनेँ । तिमीलाई थाहै छ, कुनै दिन तिमीले भेन्टिलेटरमा कृतिम सास लिनुपर्ने अवस्थासम्म पुऱ्याएका थियौ । त्यस पलमा मैले हिम्मत हारेकी भए ? मैले आस छाडिनँ र सासले साथ दियो । सासले धोका दिएन र त तिमीले लास बनाउन सकेनौ । यो मनुष्य चोलामा जन्मदाखेरि नै फिर्ती टिकटसहित पाहुनासरि आएको हो । तब फेरि यो छोटो बसाइमा कति बिथोल्छौ तिमी ? यो छोटो बँचाइमा कत्तिचोटि परीक्षा लिन्छौ तिमी ? अचम्म पनि लाग्दो हो तिमीलाई ? तिम्रो अनुमानभन्दा ज्यादा जब्बर निस्कें है म ! हुन त बारबार तिमीले मेरो शरीरलाई प्रयोगशाला जो बनाएका छौ । केसम्म खपिनँ र मैले ? रोमरोममा सुई रोपेर चाल्नोजस्तो छाला, मुटु धड्काउने, सास चलाइदिने जिम्मा भेन्टिलेटरलाई दिएर कति कोर्रा हान्यौ आइसियुका चिसा बेडहरूमा ? पानी-पानी भनेर मेरो सास घाँटीसम्म आएर घिटघिटाउँदा 'ओठमात्रै भिजाइदिने हो पानी खान मिल्दैन' भन्न आइपुग्थे नर्सहरू । अहो ! त्यो काकाकुलको भन्दा व्याकुल तिर्खा ! कसरी बिर्सन सक्छु म । उफ ! तैपनि प्रेम गर्छु म तिमीलाई । आफ्नो शरीरमा आफ्नोभन्दा डोनरको रगत धेरै बग्नु, आफ्नो फोक्सोमा आफूले फेरेको भन्दा सिलिन्डरको हावा धेरै भरिनु, आफ्नै हात र गोडा चल्छन् कि चल्दैनन् भन्ने थाहा पाउन नर्सलाई सोध्नपर्ने अवस्था हुनु । अहो ! त्यो पीडाबाट मुक्ति पाउनका गरिएको आर्तनाद ! आफ्नै सन्तानले आफैँलाई देख्दा तर्सेर भागेको आफैँले देख्नु पर्ने । त्यो कृशकायबाट छुटिरहने आहतको आवाजहीन चित्कार । त्यसको पीडा नाप्ने कुनै यन्त्र छ तिमीसँग ? कुन जन्मको रिसिवी साँधेको हो तिमीले मसँग ? बिरालोले जिउँदो मुसो खेलाउँदा खेलाउँदै शिथिल पारेपछि खान आँट्दाको जस्तो पछार्न सम्म पछार्यौ । लघार्नसम्म लघार्यौ । तिमीलाई लागेको हुँदो हो, अब यो जिउँदो लास भइसकी । घोषणा गरिदिएको बखत ओड्याइने छ सेतो कपडा । निठुर समय ! तिम्रो अनुमान गलत थियो । तिमीले मेरो धड्कन र रगतको नाडी छाम्यौ तर मेरो आत्मविश्वासको नाडी छाम्न सकेनौ । म उठेँ- खरानीबाट फिनिक्सजस्तै । पहराको कापबाट तृणजस्तै । मेरा जिजीविषा तिम्रा ज्यादती भन्दा जब्बर निस्के । तिमी हार्यौ हारेनौ थाहा छैन तर मैले जितेँ । तिमीलाई थाहै छ, अक्सर अप्रेसन भनेपछि मान्छेहरूको सातो जान्छ । मलाई त एकपटक होइन दुईपटक होइन, दश-दश पटक पुऱ्यायौ त्यो मृत्युजस्तो कहालीलाग्दो अप्रेसन थिएटर भित्र । हेर त तिमीले हातमा ब्लेड, सिजर, स्विचर र निडल लिएर मलाई लखेट्न थालेको पनि साढे दुई दशक हुन थालेछ । पहिलोपटक क्यानुला लगाउँदा र क्याथरडल निकाल्दा कति अत्तालिएकी थिएँ । सासै फुस्केलाजस्तो । अब त नर्सले हातमा क्यानुलाको सुइरो घुसार्दै गर्दा हेरिरहन सक्छु । नर्स मेरो निडरपनलाई देखेर छक्क पर्छे । अन्तस्करणबाट मरिगए एक सर्को आत्था निस्किँदैन । कहाँबाट आएको यो सहन सक्ने शक्ति ? शायद मेरो यही शक्ति माथि इर्ष्या छ तिमीलाई र देखाइरहन्छौ आफ्नो बर्बर रूप ममाथि । तिमीलाई थाहा छ, यसपटक अप्रेसन थिएटरमा मैले के गरेँ ? नर्सले ओटीतिर लैजाँदै गर्दा पहिलापहिला मैले मेरा बालबच्चा र जीवनसाथीलाई सम्झन्थेँ । अहो ! केही भएर म बेहोस भएको भयै भएँ भने के होला तिनको हालत ? जब उनीहरूको सम्झना आउँथ्यो मेरो पीडा दोब्बर भएर आउँथ्यो । यसपटक भने मैले केटाकेटीलाई खासै सम्झिनँ । अब उनीहरू आफ्ना खुट्टामा उभिइसकेका छन् । कथंकदाचित मलाई केही भइहाल्यो भने पनि उनीहरू बाँच्न सक्छन् । आधाबाटोमै सहयात्रीको साथ छुट्नु, यो पनि संसारमा कसैलाई नघटेको घटना होइन । जीवनसाथी भन्नु पनि आधा बाटोमै भेटिएर छुट्ने बेला छुट्टाछुट्टै जाने सहयात्री न हुन् । सँगै आएर सँगै को गएको छ र म जोडी छुट्ने डरमा रोइकराई गरुँ ? मलाई चिन्ता त ती पात्रहरूको भयो जो मेरा अपुरा आख्यानमा मेरो कलमको प्रतीक्षा गरेर बसिरहेका हुन्छन् । प्रत्येक पात्रका आ-आफ्ना कथा छन् । कोही मिलनका आसमा, कोही मुक्तिको आसमा, कोही उज्यालोको आसमा त कोही उद्दारको आसमा मलाई कुरिरहेका हुन्छन् ।*-साहित्यपोस्ट डटकम*

कथा ● विमल लामिछाने

# कुहिरोभित्रको आलाप

त्यो गाउँको नाम देशको कुनै पनि आधिकारिक नक्सामा अंकित थिएन, तर रैथानेहरू त्यसलाई 'कुहिरोको खोच' भन्थे । हिउँदमा बाक्लो हुस्सुले छोपेर संसारबाटै अलग गराउने र असारमा बादलका काला थुप्राहरू पहाडका कन्दरामा ठोक्किने एउटा रहस्यमयी खोच, जहाँ बग्ने खोलाको पानी जति कन्चन थियो, त्यहाँका मानिसहरूको भविष्य उति नै धमिलो देखिन्थ्यो । वि.सं. २०५२ सालको सुदूर फागुनपछि त त्यो खोचमा केवल रैथाने हावाको सुसेली मात्र फेरिएन, पुराना लोक कथाहरू ब्युँझिए र मानिसका मनहरू सदाका लागि संशयको चिसो ओतमुनि ओइलाए । बाल्यकालमा सोनामका लागि गाउँ केवल एउटा पहाड, खोल्सो र मकैबारीको सिमाना मात्र थिएनह त्यो त अनौठा लोककथा र अदृश्य शक्तिहरूको जिउँदो रङ्गमञ्च जस्तो लाग्थ्यो । साँझ परेर गोधूलि ओर्लिँदै गर्दा हजुरआमाले सधैँ कोइलाको मधुरो रापछेउ राखेर भन्नुहुन्थ्यो, 'चिस्यानको रातमा चिहानडाँडातिर झुक्केर पनि आँखा नसोझ्याउनू सोनाम, त्यहाँ राँके, मसाने र सेउरे भूतहरू हातमा आगोका लामा-लामा लप्का लिएर नाच्छन् । जसले ती रातका चम्चमाउने छायाहरूसँग आँखा जुधाउँछ, उसको आत्मा त्यही घारीभित्र हराउँछ ।' एक साँझ, असारको झमझम झरी परिरहेको बेला आमाले सोनामलाई निद्राले भारी भएका आँखाहरू मिच्दै ओछ्यानबाट जुरुक्क उठाउनु भयो र खोल्सापारिको थुम्को देखाउनुभयो । अँध्यारो पहाडको छातीमा आगोको एउटा चटकीले नचाउने 'करविरे मसान' जस्तो आकृति सल्किरहेको देखिन्थ्यो, जसको दायाँबायाँ साना-साना झिल्काहरू नाचिरहेका थिए । तर अचम्म, त्यो आगोका लप्काहरूसँगै केही अपरिचित र अजैब नाराहरू पहाडी हावामा पौडिँदै आइरहेका थिए, जुन कुनै पनि पुराना भूतका कथाहरूसँग मिल्दैनथे । बुबा तेन्जिङले अँध्यारो बार्दलीमा उभिएर एउटा लामो सुस्केरा हाल्दै भन्नुभएको त्यो वाक्य सोनामको मानसपटलमा सधैँका लागि गाडियो- 'त्यो कुनै मसान होइन, त्यो त गाउँ पसेको एउटा नयाँ विद्रोहको रक्ताम्मे आँधी हो, जसले पुरानो राज्यसत्तालाई ढलाउन खोजिरहेछ । जब जिउँदा मान्छेहरू नै भूत बनेर रातको सन्नाटामा हिँड्न थाल्छन्, तब पुराना रैथाने भूतहरू आफैँ डराएर बसाइँ सर्दा रहेछन् ।' केही महिनामै त्यो रहस्यमयी आगोको ताँतीसँगै बन्दुकका भीषण गर्जनहरू सुनिन थाले, जसले रातको नीरवतालाई काँचझैँ टुक्रा-टुक्रा पारिदिन्थ्यो र मान्छेहरू बिहानको घाम झुल्किँदासम्म आफ्नै छाया देख्दा पनि तर्सने भइसकेका थिए । सोनामले बिस्तारै राजनीतिको त्यो जटिल चक्र बुझ्दै गर्दा सिङ्गो गाउँ दुईवटा अदृश्य र समानान्तर सत्ताको कसिलो चक्रव्यूहमा फस्यो । दिउँसोको उज्यालोमा गाउँमा राज्यका सिपाहीहरू बुटका भारी र भयभीत आवाज निकाल्दै आउँथे, उनीहरूका आँखामा गाउँलेका प्रति अविश्वास हुन्थ्यो र हातमा कडा हतियारसहितको त्रासदी । घर-घर खानतलासी गर्नु र विद्रोहीहरू कहाँ लुकेका छन् भन्दै बुबाआमालाई केरकार गर्नु उनीहरूको नियमित दिनचर्या बनिसकेको थियो । तर, जब सूर्य पहाडको ओत लाग्थ्यो र कुहिरोले सिङ्गो गाउँलाई आफ्नो साम्राज्यभित्र लुकाउँथ्यो, तब अर्को सत्ता ब्युँझन्थ्यो । अनुहारमा कालो कपडा बाँधेका, काँधमा भरुवा र थ्री-नट-थ्री बन्दुक भिरेका मानिसहरू सन्नाटा चिर्दै ढोका ढक्ढक्याउन आइपुग्थे । उनीहरू समानता, मुक्ति र नयाँ बिहानीका कुरा गर्थे, तर उनीहरूको बोलीको पछाडि बन्दुकको चिसो नाल भिरेका जवान मुक्तीसेनाको बटालियन तैनाथ हुन्थ्यो । एक रात, सोनाम र उसकी बालसखी माया एउटा पुरानो गोठको कुनामा परालको ओछ्यानमा सुतिरहेका थिए । अचानक दुईजना बन्दुकधारी भित्र छिरेर कडा तर अनौठो रूपमा चिनिएको स्वरमा बोले- 'हामी जनमुक्ति सेना हौं, तल चौतारामा क्रान्तिकारी सांस्कृतिक साँझ छ, हेर्न हिँड्नुस् । डरले काँप्दै सोनाम र माया उनीहरूको पछि-पछि ओरालो झरे, जहाँ जूनको मधुरो उज्यालोमा गाउँलेहरू लाचार भई एउटै ताँतीमा बाँधिएर हिँडिरहेका थिए । त्यो रात चौतारामा लालझण्डाको छहारीमा गीतहरू त गाइए, तर भोलिपल्ट बिहान मात्र सोनामले बुबाको कानाखुसीबाट थाहा पायो, त्यो रात बन्दुक बोकेर गाउँलेलाई डाक्ने अरू कोही नभएर उनीहरूकै आफ्नै मामाका छोराहरू आलोक र प्रभात थिए । क्रान्तिको त्यो बाक्लो तुँवालोले रगतको गाढा साइनोलाई पनि बन्दुकको नौलो रङमा निलेको थियो । वि.सं. २०५६ साल असार ८ गतेको त्यो बिहानी प्रकृतिले पनि आफ्नो भित्री रोदन लुकाउन खोजेझैँ ओसिलो र शान्त थियो । पहाडी खोचमा मकैका पातहरू हरिया र रसिला देखिनथे, जसमा असारको झरीका थोपाहरू मोतीझैँ टल्किरहेका थिए । सोनाम पानी भर्नका लागि खोल्साको कुवातिर जाँदै गर्दा गाउँको एउटा पुरानो, पानी नआउने धारोको भित्तामा एकजना नौलो र अपरिचित तन्नेरी बसिरहेको देख्यो । उसको काखमा एउटा फलामको सानो र चिसो डल्लो थियो, जसलाई ऊ निकै स्नेहपूर्वक कपडाको टुक्राले सफा गरिरहेको थियो । सोनामले कौतूहलवश उसलाई हेर्यो, तर त्यो तन्नेरीले ओठमा एउटा फिक्का, उदास मुस्कान ल्याएर आँखा चिम्लियो । सोनामलाई के थाहा, त्यो फलामको डल्लो एउटा भयानक ग्रिनेड थियो र त्यो तन्नेरी विद्रोही टोलीको सुरक्षा पहरेदार थियो, जो आफ्नो अन्तिम समयको प्रतीक्षा गरिरहेझैँ शान्त देखिन्थ्यो । त्यसको ठीक दुई घण्टापछि, गाउँको भूगोल र इतिहास सधैँका लागि बदलियो । सोनाम र उसका आमाबुबा डाँडाको पाखोमा मकै गोडिरहेका थिए, जहाँ असारको छिप्पिएको घाम र पसिनाको गन्धबिच अचानक आकाश नै च्यातिने गरी 'ड्याम्म-ड्याम्म' को आवाज गुञ्जियो ।

*-समकालीन साहित्य डटकम*


## कालिगण्डकी गाउँपालिकाको अनुरोध

- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| कृष्ण प्रसाद मरासिनी | मन्जु कुमारी दर्लामी | बेद बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सत्यवती गाउँपालिकाको अनुरोध

- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| हरि प्रसाद पौडेल | निर माया तरामु | टिकाराम पाण्डे |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# गिद्ध संरक्षणका लागि विद्यार्थीमा सचेतना कार्यक्रम



**पाल्पा,** असार १०/ जिल्लामा गिद्ध संरक्षणका लागि विद्यार्थीमा सचेता कार्यक्रम गरिएको छ । अधेरी छरछरेसामुदायिक वन उपभोत्ता समूहको आयोजना र डिभिजन वन कार्यालयको सहयोगमा दमकडा मा.वि.को कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुलाई गिद्ध वासस्थान संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा विद्यार्थीहरुलाई गिद्धको महत्व र गिद्ध र मानव जीवनसँगको सम्बन्ध लगायतका जानकारी गराइएको थियो । पंक्षी संरक्षण संघ परियोजनाका अधिकृत सुजन बस्नेतले पछिल्लो समयमा मानविय क्रियाकलाप तथा गतिवधिका कारण उनीहरुको जीवन चक्र नै संकटमा पर्दै गएका कारण अब संरक्षणका लागि विद्यालय र समुदाय तह बाटै पहल गर्नु पर्नेमा जोड दिए । धार्मिक तथा वातावरणीय हिसावले पनि उत्तिकै महत्व रहेको गिद्धको अस्तित्व लोप भए महामारी जस्ता रोगहरु फैलिन सक्ने भएका कारण अबका दिनहरुमा गिद्धको आहारा र बासस्थानमा संवेदनशील हुनुपर्ने उनले बताए ।

कार्यक्रमका प्रमुख प्रशिक्षक समेत रहेका संरक्षण विद् बस्नेतले पशुमा प्रयोग हुने दुखाई कम गर्ने औषधीको प्रयोग भएका गाई भैसीको सिनोलाई आफ्नो आहारा बनाएका गिद्धका मृगौलामा समस्या देखिए पछि त्यसता औषधी नेपाल सरकारले बिक्री वितरणमा पुर्ण रुपले रोक लगाएको बताए । २०४७ सालको अवधिमा करिव ५ लाखको सख्या रहेको गिद्ध डंगर प्रजातीको ९१ प्रतिशत र सानो खैरो प्रजातीको ९९ प्रतिशत लोप हुने अवस्थामा रहेकाले पनि संरक्षण तर्फ लाग्नु पर्ने उनले बताए ।

बस्नेतका अनुसार नेपालमा पाइने स्थानीय प्रजाति मध्ये डंगरको अनुमानित २ हजारको सख्यामा , सानो खैरो ७५ वटा , सेतो गिद्ध १ हजारको सख्यामा रहेको छ । पशुमा विषेश गरी कुकुर नियन्त्रणको क्रममा विषादीको प्रयोग बढेको छ । मरेको कुकुरलाई आफ्नो आहारा बनाएका गिद्ध समेत मर्ने क्रम रहेकोले विषादीको प्रयोग समेत घातक रहेको उनले स्पष्ट पारे । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासघंका सल्लाहाकार निरञ्जन भुषाल,सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष लोकनाथ घिमिरे,सचिव सावित्रा भुषाल लगायतले गिद्धको महत्व बारे प्रकाश पारेका थिए ।

अधेरी छरछरे सामुदायिक बनले गिद्धको संरक्षणको लागि आहारा व्यवस्थापन,उपभोक्ता समितिका सदस्यहरुलाई सचेतनाका कार्यक्रम गर्नुको साथै ठाउँ-ठाउँमा होडिङ्ग बोर्ड राख्दै आएको छ ।

# आज निर्जला एकादशी : घर-घरमा तुलसीको दल राखिँदै



**पाल्पा,** असार १०/वैदिक सनातन धर्मावलम्बीले आज आ-आफ्नो घरको मठमा तुलसीको दल राख्दै छन् । प्रत्येक वर्ष ज्येष्ठ शुक्ल एकादशीका दिन घर-घरमा तुलसीको दल राख्ने गरिन्छ । यस दिनलाई निर्जला एकादशी पनि भनिन्छ । यस दिन रोपेको बीउ एक महिनापछि आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन रोपिन्छ ।

आषाढ शुक्ल एकादशीदेखि कात्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा गरिन्छ । यसलाई तुलसी हुर्काई बढाई दामोदरसँग विवाह गरिने भन्ने पनि बुझिन्छ । यो चार महिनालाई चतुर्मास पनि भनिन्छ । चतुर्मासमा स्नान, पूजन र दान गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । निर्जला एकादशीसमेत भनिने भएकाले यस दिन पानी समेत नपिई व्रत गर्नाले अभिष्ट फल पाइने शास्त्रीय वचन रहेको छ । आयुर्वेदिकरूपमा पनि लाभकारी औषधि मानिने तुलसी विभिन्न रोगको उपचारमा प्रयोग गरिन्छ । तुलसीमा धेरै अक्सिजन पाइने आधुनिक विज्ञानले प्रमाणित गरेको छ । यस्तै मिथिला क्षेत्रका महोत्तरीसहितका जिल्लामा धार्मिक र औषधीय गुणयुक्त वनस्पति तुलसीको बीज छर्दै निर्जला एकादशी पर्व मनाइँदैछ । जेष्ठ शुक्ल एकादशीमा तुलसीको बीउ छरेर पानीसमेत नखाई व्रत गर्ने परम्पराअनुसार आज मैथिल (मिथिलाका बासिन्दा) यो पर्व मनाइरहेका छन् । पूर्वीय दर्शन परम्पराको मैथिल चलनमा जेष्ठ शुक्लपक्ष लाग्नासाथ दशहारास्नान मेला प्रारम्भ हुन्छ । जेष्ठ शुक्ल दशमीका दिनसम्म विभिन्न तीर्थस्थलमा स्नान गरी दशमीकै दिन वर्षभरिको पूजाअर्चना प्रयोजनको फूलको दल राख्ने र भोलिपल्ट तुलसीको दल राख्दै निर्जला व्रत (अन्नजल नखाइ गरिने व्रत) बस्ने मैथिल चलन छ । मिथिलामा सामान्यतया सबै एकादशीलाई धार्मिक विश्वासमा खास दिन मानिने परम्परा भए पनि निर्जला, हरिशयनी र हरिवोधनीचाहिँ विशेष नै मानिन्छन् । हिन्दू मैथिल परम्परामा एकादशी र तुलसीबीच गहिरो सम्बन्ध रहेको मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का पण्डित महेशकुमार झा बताउँछन् । सत्ययुगमा सति नारी वृन्दाका दुष्ट पतिको संहार गर्न विष्णुले छलेर उनको सतित्व डगाउँदा वृन्दाले भगवान् विष्णुलाई श्राप दिएको बताइन्छ । त्यसै श्रापअनुसार वनस्पतिरूपमा भगवान् विष्णु तुलसी हुँदा उनको पूजाआराधनासँग तुलसीको प्रचलन जोडिएको जनविश्वास छ ।

## खेलकुद समाचार

### विश्वकप फुटबल क्रोएसियाको पहिलो जीत



**काठमाडौं,** असार १०/फिफा विश्वकप फुटबल अन्तर्गत समूह 'एल' को खेलमा क्रोएसियाले पानामालाई १-० गोलले पराजित गर्दै प्रतियोगितामा पहिलो जीत दर्ता गरेको छ । खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । दोस्रो हाफको ५३औं मिनेटमा एन्ते बुदिमिरले निर्णायक गोल गर्दै क्रोएसियालाई महत्त्वपूर्ण तीन अङ्क दिलाए । जोसिप स्टानिसिकको पासलाई सदुपयोग गर्दै बुदिमिरले गोल गरेका थिए । जीतसँगै क्रोएसियाले समूह चरणमा पहिलो तीन अङ्क जोडेको छ । पहिलो खेलमा इंग्ल्याण्डसँग ४-२ गोलले पराजित भएको क्रोएसियाले दोस्रो खेलमा उत्कृष्ट पुनरागमन गरेको हो । पानामाले लगातार दोस्रो हार बेहोरेको छ । यसअघि घानासँग १-० ले पराजित भएको पानामा अङ्कविहीन बन्दै विश्वकपबाट बाहिरिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से घट्यो



**पाल्पा,** असार १०/सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार १४.४५ अंकले घटेको छ । अघिल्लो दिनको तुलनामा ०.५४ प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ६ सय ६०.०२ अंकमा ओर्लेको छ ।

पछिल्ला केही दिनदेखि सुस्ताएको सेयर बजारमा बुधबार पनि सोही प्रवृति पछ्याएको हो । बजार निरन्तर घटिरहँदा मंगलबार नेप्से २७ सय भन्दा तल ओर्लेको छ । यो पछिल्लो साढे दुई महिनायताकै न्यून हो । यसअघि २२ चैत २०८२ मा नेप्से २ हजार ६ सय ७६.६८ अंकमा थियो । त्यसयता नेप्से बढेर २ हजार ८ सय ६६ अंकमा पुगे पनि पुन: घटेर २७ देखि २८ सयबीचमा रहिरहेको थियो । बुधबार कारोबारमा आएकामध्ये ६२ कम्पनीको सेयर मूल्य बढ्दा २०२ कम्पनीको घट्यो र १० वटाको स्थिर रह्यो ।

### जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

श्री पाल्पा जिल्ला अदालतबाट जारी भएको अर्घखाँची जिल्ला पाणिनी गाउँपालिका वडा नं. ४ बस्ने टिकाराम घिमिरेको नाती, नरपति घिमिरे र पवित्रा घिमिरेको छोरा अं.बर्ष ४३ को दिपक घिमिरेका नाउँको म्याद म्याद ।

वादी मिना कुमारी रेग्मी र प्रतिवादी दिपक घिमिरे भएको चेक अनादर भएको रकम लेनदेन सरह भराई पाउँ मुद्दामा तपाईंका नाउँमा जारी भएको सुरु म्याद मिति २०८३/०१/२४ गते वेरित पुर्वक तामेल भई यस अदालतको मिति २०८३/०३/१० आदेशानुसार तपाईको नाउँमा पुन: राष्ट्रिय दैनिक समाचारपत्रमा म्याद जारी गर्नु भनी आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १०५ बमोजिम यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउत्तरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

***ईति संवत् २०८३ साल असार १० गते रोज ४ मा शुभम्..........।***


## तानसेन नगरपालिकाको अनुरोध

- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| चेतनाथ गिरि | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई